| ६१. | दस्तखत<br>नाम : सन्तोष विष्ट<br>ठेगानाः ४५६ टोला ११<br>जिल्ला ललितपुर<br>ललितपुर उपमहानगरपालिका, वडा नं. १४ | श्री हिक्मत वहादुर विष्ट | श्री नर वहादुर विष्ट | १२८,००० | दस्तखत<br>नाम : अनीता कोइराला<br>ठेगानाः ३२ घट्टेकुलो<br>जिल्ला काठमाण्डौं<br>काठमाण्डौं महानगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्पर्क फोन नं. ५५७५९० <br>फ्याक्स ४४३१९३७ <br>इ-मेल santosh@hugou.org.np | | | | |
| ६२. | दस्तखत <br>नाम : अनीता कोइराला <br>ठेगानाः ३२ घट्टेकुलो <br>जिल्ला काठमाण्डौं <br>काठमाण्डौं महानगरपालिका | श्री शिव प्रसाद ज्ञवाली | श्री विष्णु प्रसाद ज्ञवाली | २०,००० | दस्तखत <br>नाम : सन्तोष विष्ट <br>ठेगानाः ४५६ टोला ११, जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका, वडा नं. १४ |
| ६३ | दस्तखत <br>नाम : रजत वहादुर प्रधानांग <br>ठेगानाः ११२ शान्त मार्ग, कमलादी <br>जिल्ला काठमाण्डौं <br>काठमाण्डौं महानगरपालिका,वडा नं. ३१ <br>सम्पर्क फोन नं. ४२२००४६ <br>फ्याक्स ४२२३९९७ <br>इ-मेल razat@mail.com.np | श्री तारा वहादुर प्रधानांग | श्री गंगा वहादुर प्रधानांग | ४०,००० | दस्तखत <br>नाम : सुलोचन राज राजभण्डारी <br>ठेगानाः ५०१।३५ नारायणहिटी पथ, <br>जिल्ला काठमाण्डौं <br>काठमाण्डौं महानगरपालिका <br>वडा नं. १ |
| ६४ | दस्तखत <br>नाम : सुलोचन राज राजभण्डारी <br>ठेगानाः ५०१।३५ नारायणहिटी पथ, <br>जिल्ला काठमाण्डौं <br>काठमाण्डौं महानगरपालिका, <br>वडा नं. १ <br>सम्पर्क फोन नं. ४४४३८०५ <br>फ्याक्स ४२४९१६२ <br>इ-मेल prime@mos.com.np | श्री अमर राज राजभण्डारी | श्री निर राज राजभण्डारी | ८०,००० | दस्तखत <br>नाम : रजत वहादुर प्रधानांग <br>ठेगानाः ११२ शान्त मार्ग, कमलादी <br>जिल्ला काठमाण्डौं <br>काठमाण्डौं महानगरपालिका <br>वडा नं. ३१ |
| ६५ | दस्तखत <br>नाम : रामधन श्रेष्ठ <br>ठेगानाः १३ सिम्रिक मार्ग ३, वद्धनगर, <br>नयां वानेश्वर <br>जिल्ला काठमाण्डौं <br>काठमाण्डौं महानगरपालिका, <br>वडा नं. १० <br>सम्पर्क फोन नं. ४७८०१९८ <br>इ-मेल shresthard@hotmail.com | श्री कृष्णधन श्रेष्ठ | श्री कृष्ण श्रेष्ठ | ३२,००० | दस्तखत <br>नाम : अर्जुन प्रसाद न्यौपाने <br>ठेगानाः ओखरपौवा ४, <br>जिल्ला नुवाकोट <br>ओखरपौवा गा.वि.स. <br>वडा नं. ४ |
| ६६ | दस्तखत <br>नाम : अर्जुन प्रसाद न्यौपाने <br>ठेगानाः ओखरपौवा ४, <br>जिल्ला नुवाकोट <br>ओखरपौवा गा.वि.स., वडा नं. ४ <br>सम्पर्क फोन नं. ४३८४६६३ | श्री चुडामणी न्यौपाने | श्री देवनारायण न्यौपाने | ४०,००० | दस्तखत <br>नाम : रामधन श्रेष्ठ <br>ठेगानाः १३ सिम्रिक मार्ग ३, <br>वद्धनगर, नयां वानेश्वर <br>जिल्ला काठमाण्डौं <br>काठमाण्डौं महानगरपालिका, <br>वडा नं. १० |
| ६७ | दस्तखत <br>नाम : रुपनन्दन सिंह प्रधान <br>ठेगानाः ३/३३७ पुल्चोक <br>जिल्ला ललितपुर, ललितपुर <br>उपमहानगरपालिका <br>सम्पर्क फोन नं. ५५२८६८६ <br>फ्याक्स ४४२५९६८ <br>इ-मेल telco@mos.np | श्री नेपाल नन्दन सिंह प्रधान | श्री विर नन्दन सिंह प्रधान | १३,७५० | दस्तखत <br>नाम : दासी राम खनाल <br>ठेगानाः वानेश्वर <br>जिल्ला काठमाण्डौं <br>काठमाण्डौं महानगरपालिका <br>वडा नं. .३४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६८ | दस्तखत<br>नाम : दिनेश प्रसाद श्रेष्ठ<br>ठेगानाः ५३ तिलींगाटार, धापासी,<br>जिल्ला काठमाण्डौं<br>धापासी गा.वि.स.,<br>वडा नं. ८<br>सम्पर्क फोन नं. ४४१५९०७<br>फ्याक्स ४४२५९६८<br>इ-मेल dpshrestha@wlink.com.np | श्री नारायण प्रसाद श्रेष्ठ | श्री अमर वहादुर श्रेष्ठ | १३,७५० | दस्तखत<br>नाम : हेमन्त नाहटा<br>ठेगानाः नक्साल<br>जिल्ला काठमाडौं<br>काठमाडौं महानगरपालिका<br>वडा नं. १ |
| ६९ | दस्तखत<br>नाम : हेमन्त नाहटा<br>ठेगानाः नक्साल<br>जिल्ला काठमाडौं<br>काठमाडौं महानगरपालिका, वडा नं. १<br>सम्पर्क फोन नं. ४४१५९०७<br>फ्याक्स ४४२५९६८<br>इ-मेल hnahata@wlink.com.np | श्री वच्छराज नाहटा | श्री मगनि राम नाहटा | २७,५०० | दस्तखत<br>नाम : दिनेश प्रसाद श्रेष्ठ<br>ठेगानाः ५३ तिलींगाटार, धापासी,<br>जिल्ला काठमाण्डौं<br>धापासी गा.वि.स.<br>वडा नं. ८ |
| ७० | दस्तखत<br>नाम : डासी राम खनाल<br>ठेगानाः वानेश्वर, ब्लक नं ९२/६८<br>जिल्ला काठमाण्डौं<br>काठमाण्डौं महानगरपालिका, वडा नं. .३४<br>सम्पर्क फोन नं. ४४९२४०६<br>फ्याक्स ४४३००१४<br>इ-मेल om@khanal.wlink.com.np | श्री रवि लाल खनाल | श्री देवि राम खनाल | २५,००० | दस्तखत<br>नाम : रुपनन्दन सिंह प्रधान<br>ठेगानाः ३/३३७ पुल्चोक<br>जिल्ला ललितपुर<br>वडा नं ३<br>ललितपुर उपमहानगरपालिका |
| ७१ | दस्तखत<br>नाम : रोडसो रियल स्टेट प्रा.लि.<br>ठेगानाः गणेश बस्ती<br>जिल्ला काठमाडौं<br>काठमाण्डौं महानगरपालिका, वडा नं ४<br>सम्पर्क फोन नं. ४७२०१३२<br>इ-मेल into@roadshowhousing.com | | | ४०८,००० | दस्तखत<br>नाम : बुद्ध गुरुंग<br>ठेगानाः गणेश बस्ती<br>जिल्ला काठमाडौं<br>काठमाण्डौं महानगरपालिका<br>वडा नं ४ |
| ७२ | दस्तखत<br>नाम : अकारा डेभलपर्स प्रा.लि.<br>ठेगानाः गणेश बस्ती<br>जिल्ला काठमाडौं<br>काठमाण्डौं महानगरपालिका, वडा नं ४<br>सम्पर्क फोन नं. ४७२०१३२<br>इ-मेल into@roadshowhousing.com. | | | ४१२,००० | दस्तखत<br>नाम : सागर गुरुंग<br>ठेगानाः गणेश बस्ती<br>जिल्ला काठमाडौं<br>काठमाण्डौं महानगरपालिका<br>वडा नं ४ |
| ७३ | दस्तखत<br>नाम : रोशन श्रेष्ठ<br>ठेगानाः हेटौडा,<br>जिल्ला मकवानपुर, हेटौडा नगरपालिका<br>सम्पर्क फोन नं. ०५७-५२०९४० | श्री अशोक श्रेष्ठ | श्री गोपाल लाल श्रेष्ठ | ४०,००० | दस्तखत<br>नाम : सुवास श्रेष्ठ<br>ठेगानाः हेटौडा,<br>जिल्ला मकवानपुर<br>हेटौडा नगरपालिका |
| ७४ | दस्तखत<br>नाम : सुवास श्रेष्ठ<br>ठेगानाः हेटौडा,<br>जिल्ला मकवानपुर, हेटौडा नगरपालिका<br>सम्पर्क फोन नं. ०५७-५२०९४० | श्री अशोक श्रेष्ठ | श्री गोपाल लाल श्रेष्ठ | ४०,००० | दस्तखत<br>नाम : रोशन श्रेष्ठ<br>ठेगानाः हेटौडा,<br>जिल्ला मकवानपुर<br>हेटौडा नगरपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| ७५ | दस्तखत<br>नाम : राजेन्द्र प्रसाद कायस्थ<br>ठेगाना: १०२।४७ चुनदेवी गणेश मार्ग,<br>जिल्ला काठमाण्डौं<br>काठमाण्डौं महानगरपालिका, वडा नं. ४<br>सम्पर्क फोन नं. ४७२१३७२<br>इ-मेल rajendra@enet.com.np | श्री कृष्ण दास कायस्थ | श्री गंगा दास कायस्थ | ४०,००० | दस्तखत<br>नाम : रेणु भण्डारी<br>ठेगाना: जावलाखेल,<br>जिल्ला ललितपुर<br>ललितपुर उपमहानगरपालिका<br>वडा नं. ५ |
| ७६ | दस्तखत<br>नाम : रेणु भण्डारी<br>ठेगाना: जावलाखेल,<br>जिल्ला ललितपुर<br>ललितपुर उपमहानगरपालिका,वडा नं. ५ | श्री प्रेम सिंह सावन | श्री कृष्ण सिंह सावन | २०,००० | दस्तखत<br>नाम : राजेन्द्र प्रसाद कायस्थ<br>ठेगाना: १०२।४७ चुनदेवी गणेश मार्ग, जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका, वडा नं. ४ |
| ७७ | दस्तखत<br>नाम : राजु कार्की,<br>ठेगाना: 8485 springfield Oaks Drive, Spring field, VA 22153, USA<br>सम्पर्क फोन नं. ७०३-६१५-६४३७<br>इ-मेल karkiraju@yahoo.com | श्री राजेश कार्की | श्री अक्कल ध्वोज कार्की | २०,००० | दस्तखत<br>नाम : आशिष भण्डारी<br>ठेगाना: इनरुवा<br>जिल्ला सुनसरी<br>इनरुवा नगरपालिका वडा नं.३ |

**१३.** **<u>वैंक संस्थापकको उद्घोषण</u> :** यस प्रबन्धपत्रमा लेखिएको हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कवूल गरेको शेयर र साक्षी सम्वन्धी व्यहोरा लगायत अन्य सम्पूर्ण व्यहोराहरु ठीक सांचो छ। उल्लिखित व्यहोराको आधारमा कम्पनी दर्ता भएपछि प्रचलित कानून वमोजिम सृजना हुने सम्पूर्ण दायित्व व्यहोर्न हाम्रो मन्जुरीछ । यस दफा अनुसार हामीले गरेको उद्घोषण गलत ठहरिन गएमा प्रचलित कानून वमोजिम हुने दण्ड सजायं समेत भोग्न हाम्रो मन्जुरी छ भनी हामीले यो उद्घोषण गरेका छौं ।

समुह क को उप-समुह –१

| सि.नं. | संस्थापकको नाम थर | हस्ताक्षर | ल्याप्चे सहीछाप |
|---|---|---|---|
| १. | डा. शंकर प्रसाद शर्मा् | | दा. वा. |
| २ | श्री विष्णुराज अधिकारी | | दा. वा. |
| ३ | श्री रेखा कुमारी शर्मा | | दा. वा. |
| ४ | श्री माधुरा रेग्मी | | दा. वा. |
| ५. | श्री अभिलाशा राणा | | दा. वा. |
| ६ | श्रीमति वीना महत | | दा. वा. |
| ७ | श्री सन्ध्या रेग्मी शिवाकोटी | | दा. वा. |
| ८ | श्री ज्योती रेग्मी अधिकारी | | दा. वा. |
| ९. | श्री सुभद्रा रेग्मी | | दा. वा. |
| १०. | श्री वोध प्रसाद अधिकारी | | दा. वा. |
| ११ | श्री रमा ज्ञवाली | | दा. वा. |
| १२ | श्री परमेश्वर प्रसाद रौनियार | | दा. वा. |
| १३. | श्री मीना पोखेल | | दा. वा. |
| १४. | श्री रमेश कोइराला | | दा. वा. |
| १५. | श्री गणेश राज पोखरेल | | दा. वा. |
| १६. | श्रीमति मोहना प्रसाइ | | दा. वा. |
| १७. | श्री कमल प्रसाद ज्ञवाली | | दा. वा. |
| १८. | श्रीमति मीरा पाण्डे | | दा. वा. |
| १९. | श्रीमति शक्ति कुंवर | | दा. वा. |
| २०. | श्री इला शर्मा | | दा. वा. |

समुह क को उप-समुह –२

| | | | | |
|---|---|---|---|---|
| २१. | उषा किरण श्रेष्ठ | | दा. | वा. |
| २२. | प्रेम वहादुर श्रेष्ठ | | दा. | वा. |
| २३. | बद्री कुमार श्रेष्ठ | | दा. | वा. |
| २४. | ध्रुव कुमार श्रेष्ठ | | दा. | वा. |
| २५. | अंशु थापा | | दा. | वा. |
| २६. | पुष्प वहादुर के.सि. | | दा. | वा. |
| २७. | उर्मिला श्रेष्ठ | | दा. | वा. |
| २८. | रविन्द्रमान सिंह प्रधान | | दा. | वा. |
| २९. | उर्मिला पाण्डे | | दा. | वा. |
| ३०. | लोमस फर्मासुटीकल्स प्रा.लि. | | दा. | वा. |
| ३१. | प्रताप जंग पाण्डे | | दा. | वा. |
| ३२. | पोष राज पाण्डे | | दा. | वा. |
| ३३. | सोनी जोशी | | दा. | वा. |
| ३४ | अनिल कुमार ढुंगेल | | दा. | वा. |
| ३५. | विजेन जोशी | | दा. | वा. |

समुह क को उप-समुह –३

| | | | | |
|---|---|---|---|---|
| ३६. | भोला विक्रम थापा | | दा. | वा. |
| ३७ | सिद्धार्थ विक्रम थापा | | दा. | वा. |
| ३८ | रमेश शर्मा | | दा. | वा. |
| ३९ | नरेन्द्र कुमार देव भट्ट | | दा. | वा. |
| ४० | राजेस खडका | | दा. | वा. |
| ४१ | वावु राम पोखरेल | | दा. | वा. |
| ४२ | राम गोपाल श्रेष्ठ | | दा. | वा. |
| ४३ | सावित्री शर्मा | | दा. | वा. |
| ४४ | चिन्तामणि भट्टराई | | दा. | वा. |
| ४५ | मनोहर दास मुल | | दा. | वा. |
| ४६ | मनिता भट्टराई | | दा. | वा. |
| ४७ | रमिता भट्टराई | | दा. | वा. |
| ४८ | श्रवण कुमार राणा | | दा. | वा. |
| ४९ | सुषमा राणा | | दा. | वा. |
| ५० | तोप्याल लामा | | दा. | वा. |
| ५१ | अनिन राजभण्डारी | | दा. | वा. |
| ५२ | राम प्रसाद श्रेष्ठ | | दा. | वा. |
| ५३ | लेखनाथ पाण्डे | | दा. | वा. |
| ५४ | कवीन्द्र नाथ ठाकुर | | दा. | वा. |
| ५५ | कल्पना नेपाल | | दा. | वा. |
| ५६ | जगन्नाथ ज्ञवाली | | दा. | वा. |
| ५७ | रम्भा पाण्डे | | दा. | वा. |
| ५८ | अर्जुन प्रसाद शर्मा | | दा. | वा. |
| ५९ | पवित्र कुमार कार्की | | दा. | वा. |
| ६० | प्रज्ञा जंग राणा | | दा. | वा. |

समुह क को उप-समुह –४

| | | | | |
|---|---|---|---|---|
| ६१. | सन्तोष विष्ट | | दा. | वा. |

| | | | | |
|---|---|---|---|---|
| ६२. | अनीता कोइराला | | दा. | वा. |
| ६३ | रजत वहादुर प्रधानांग | | दा. | वा. |
| ६४ | सुलोचन राज राजभण्डारी | | दा. | वा. |
| ६५ | रामधन श्रेष्ठ | | दा. | वा. |
| ६६ | अर्जुन प्रसाद न्यौपाने | | दा. | वा. |
| ६७ | रुपनन्दन सिंह प्रधान | | दा. | वा. |
| ६८ | दिनेश प्रसाद श्रेष्ठ | | दा. | वा. |
| ६९ | हेमन्त नाहटा | | दा. | वा. |
| ७० | दासी राम खनाल | | दा. | वा. |
| ७१ | रोडसो रियल स्टेट प्रा.लि. | | दा. | वा. |
| ७२ | अकारा डेभलपर्स प्रा.लि. | | दा. | वा. |
| ७३ | रोशन श्रेष्ठ | | दा. | वा. |
| ७४ | सुवास श्रेष्ठ | | दा. | वा. |
| ७५ | राजेन्द्र प्रसाद कायस्थ | | दा. | वा. |
| ७६ | रेणु भण्डारी | | दा. | वा. |
| ७७ | राजु कार्की | | दा. | वा. |

**कम्पनी अध्यादेश, २०६२ अन्तर्गत संस्थापित**
**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको**
**नियमावली**

१. **कम्पनीको नाम :** यस कम्पनीको नाम "सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा Citizens Bank International Limited भनिनेछ, जसलाई यस पछि "बैंक" भनिएको छ ।

२[1]. **बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :** यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं १ नाराणहिटी पथमा रहनेछ र नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रहेर शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोबार गर्न सकिनेछ ।

३. **बैंकको उद्देश्य :** यस बैंकको उद्देश्य प्रबन्धपत्रको दफा ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **बैंकको साधारण सभा बोलाउने तरिका र साधारण सभाका लागि दिनुपर्ने सूचना सम्बन्धी कुराहरु :** (१) यस बैंकको साधारण सभा देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक साधारण सभा, र

(ख) विशेष साधारण सभा

(२) यस बैंकको प्रथम वार्षिक साधारण सभा बैंकले कारोवार शुरू गर्ने इजाजतपत्र पाएको मितिले एक वर्ष भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र गरिनेछ ।

(३) यस बैंकको वार्षिक साधारण सभा गर्नका लागि संचालक समितिको बहुमतले निर्णय गरी संचालक समितिको अध्यक्षले कम्तिमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै साधारण सभा हुने ठाउं, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइने छ ।

(४) उपनियम (३) बमोजिम अध्यक्षले संचालक समितिको बैठक गराई साधारण सभा नबोलाएमा वा अध्यक्षले बैंक छाडी सम्पर्क विहिन भएमा वा निज देश बाहिर रहे बसेमा वा काबू बाहिरको परिस्थितिले निजले संचालक समितिको बैठक तथा साधारण सभामा उपस्थित हुन नसक्ने अवस्था भएमा संचालक समितिको कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भै कारण खुलाई साधारण सभा बस्ने निर्णय गर्न सक्नेछन् । यसरी गरिएको निर्णयलाई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक रुपले प्रकाशन गरी साधारण सभा बस्ने सम्बन्धमा शेयरधनीलाई सूचना गरिनेछ । यसरी बस्ने संचालक समिति र साधारण सभाको अध्यक्षता सम्बन्धित संचालकले आफू मध्येबाट छानेको व्यक्तिले गर्नेछ ।

(५) उपनियम (३) वा (४) बमोजिम बोलाइएको साधारण सभामा नियम ५ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ । यस्तो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ ।

५. **गणपूरक संख्या** : बाँडफाँड भएको कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

तर, नियम ४ को उपनियम (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कूल शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा साधारण सभा गर्न बाधा पर्ने छैन ।

---

१.	दशौं संशोधनवाट संशोधित । संशोधन पहिले यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वागमती अञ्चल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं ३१ नाराणहिटी पथमा रहनेछ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली अन्य स्थानहरुमा समेत कारोबार गर्न सकिनेछ ।"

**६. साधारण सभाको कार्यविधि** : (१) साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्नेछ ।

(२) संचालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकहरुले आफू मध्येबाट छानेको संचालकले साधारण सभाको अध्यक्षता गर्नेछ ।

(३) साधारण सभा शुरु हुनु अघि सभाको वैधता बारे छलफल गरी गणपूरक संख्या पुगे नपुगेको यकिन गरिनेछ ।

(४) गणपूरक संख्या पुगेको पाइएमा साधारण सभा विधिवत् सञ्चालन गर्न अध्यक्षले अनुमति दिनेछ ।

(५) साधारण सभाको विषय सूची (एजेण्डा) को रुपमा प्रस्तावहरु प्रस्तुत हुनेछन् र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । एउटा प्रस्तावमा निर्णय नभइञ्जेल अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(६) साधारण सभामा अध्यक्षले तोके बमोजिम शेयरधनीले आवश्यकतानुसार पालैपालोसंग बोल्ने गरी छलफलमा भाग लिने छन् ।

(७) साधारण सभामा मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

(८) साधारण सभामा छलफलका लागि पेश भएका प्रस्तावहरु मध्ये सबै वा कुनै प्रस्ताव उपर छलफल एवं निर्णय हुन बाँकी रहेको अवस्थामा सो सभाको अर्को बैठक सात दिन भित्र लगत्तै बस्न सक्नेछ । सो सभामा त्यस्तो प्रस्ताव स्वतः समावेश भएको मानी सो प्रस्ताव उपर पहिले निर्णय गरी अन्य प्रस्ताव उपर छलफल गर्नु पर्नेछ ।

(९) साधारण सभामा पेश नभएका प्रस्ताव उपर निर्णय गर्न पाइने छैन ।

तर साधारण सभामा उपस्थित कूल शेयरधनीहरु बीच सहमति भई कुनै विषयमा सर्वसम्मत निर्णय भएमा कुनै नयाँ प्रस्ताव प्रस्तुत गर्न सकिनेछ ।

**७. विशेष साधारण सभा** : (१) कम्पनी कानूनमा उल्लेख भए बमोजिमको विशेष साधारण सभा बोलाउन सकिने वा वोलाउनु पर्ने कुनै अवस्था उत्पन्न भएमा बैंकको विशेष साधारण सभा बोलाइनेछ ।

(२) विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्थाहरु वार्षिक साधारण सभा सरह हुनेछ ।

**८. संचालकको संख्या र कार्यकाल** : (१) बैंकको संचालकहरूको नियुक्ति र निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रही वार्षिक साधारण सभाबाट हुनेछ ।

तर व्यावसायिक विशेषज्ञ संचालकको नियुक्ति संचालक समितिले गर्नेछ ।

(२)[२] यस बैंकमा कम्तीमा एक जना महिला सहित सात जनाको संचालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :-

(क)[३] संस्थापक समूहका शेयरधनी समुहबाट आपसी समझदारीवाट मनोनित वा निर्वाचित (३) तीन जना ।

(ख)[४] .........

(ग)[५] सर्वसाधारण समूहका शेयरधनी समूह "ख" बाट निर्वाचित (३) तीन जना ।

२.	दशौं संशोधनवाट संशोधित । संशोधन पहिले "यस बैकमा नौ जनाको संचालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :- "

३. दशौं संशोधनबाट संशोधित । संशोधन पहिले " संस्थापक समूहका शेयरधनी समुहबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित ५ (पांच) जना ।"

४. पहिलो संशोधनबाट हटाईएको । संशोधन पहिले "सर्वसाधारण शेयरधनी संगठित संघसंस्थाहरु "समूह ख-१" बाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित एक जना"

५. दशौं संशोधनबाट संशोधित । संशोधन पहिले "सर्वसाधारण समूहका शेयरधनी समूह "ख" बाट निर्वाचित तीन जना ।"

(ग१)[६] .........

(घ)[७] कम्पनी ऐन २०६३ ले तोके बमोजिम तथा नेपाल राष्ट्र बैंकले तोकेको विषयमा स्नातकोत्तर गरी राष्ट्र बैंकले तोके बमोजिम अनुभव प्राप्त व्यक्तिहरुबाट संचालक समितिले नियुक्त गरेको स्वतन्त्र संचालक (१) एक जना ।

(३)[८] संचालकहरुको कार्यकाल बढीमा चार वर्षको हुनेछ । निजको पुनःनियुक्ति तथा मनोनित हुन सक्नेछ । तर स्वतन्त्र संचालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।

(३)(क)[९] नियम ८(३) मा जुनसुकै कुरा लेखिएको भएता पनि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ प्रारम्भ भएपछि नियुक्त भएको प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ ।

(४) वार्षिक साधारण सभा हुनु भन्दा अगावै कुनै संचालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि संचालकको नियुक्ति संचालक समितिद्वारा गर्न सकिने छ । कुनै संचालकको पद त्यसरी रिक्त भएमा नयाँ नियुक्त संचालकको कार्यकाल रिक्त भएको संचालकको बाँकी कार्याकाल सम्मका लागि मात्र हुनेछ ।

तर, कुनै संगठित संस्था, बिदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाबाट मनोनित संचालकको पद रिक्त भएमा सोही संस्थाले अर्को संचालक नियुक्ति गर्न सक्ने छ ।

(५) कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले बैंकको शेयर लिएको भए आफूले लिएको शेयरको अनुपातमा संचालक नियुक्त गर्दा निजको अनुपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक संचालक समेत नियुक्त गर्न सक्नेछ ।

(६) संचालकहरुले आफू मध्ये बहुमतबाट छानेको कुनै एक जना संचालक समितिको अध्यक्ष हुनेछ ।

(७) वैंकको प्रथम साधारण सभा नभएसम्मको अवधिको लागी देहाय वमोजिमका व्यक्तिहरु रहेको संचालक समिति गठन गरिएको छ ।

| | | |
|---|---|---|
| १. | डा. शंकर प्रसाद शर्मा | अध्यक्ष |
| २. | श्री प्रदीप जंङ्ग पाण्डे | सदस्य |
| ३. | श्री भोला विक्रम थापा | सदस्य |
| ४. | श्री विष्णु राज अधिकारी | सदस्य |
| ५. | श्री राजेन्द्र प्रसाद कायष्थ | सदस्य |

९. **<u>संचालक समितिको बैठक कसले बोलाउने हो सो कुरा उल्लेख गर्ने</u>** : संचालक समितिको वैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलाउनेछ ।

६. नवौं संशोधनवाट संशोधित । संशोधन पहिले "संस्थापक शेयरधनीहरुबाट सर्वसाधारण समूहमा परिणत गरिएको १७.४५ प्रतिशत शेयरका सर्वसाधारण शेयरधनी "समूह ख १" बाट निर्वाचित एक जना ।"

७. दशौं संशोधनवाट संशोधित । संशोधन पहिले "नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरूको सूचीबाट संचालक समितिले नियुक्त गरेको व्यावसायिक संचालक एक जना ।

८. दशौं संशोधनवाट संशोधित । संशोधन पहिले संचालकहरुको कार्यकाल चार वर्षको हुनेछ ।"

९. दशौं संशोधनवाट थप गरिएको ।

१०. **संचालक समितिको बैठक** : (१) संचालक समितिको बैठक आवश्यकता अनुसार नियम ९ मा उल्लेखित पदाधिकारीले बोलाउने छ । कूल संचालक संख्याको कम्तीमा एक तिहाई संचालकहरुले लिखित अनुरोध गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिन भित्र संचालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी निजले पन्ध्र दिन भित्र बैठक नबोलाएमा सो कुरा खुलाई कम्पनी रजिष्ट्रारको कार्यालयमा संचालक समितिको बैठक बोलाउन निवेदन दिन सकिनेछ । यसरी प्राप्त भएको निवेदन उपर सो कार्यालयले छानवीन गरी अध्यक्षले बैठक नबोलाएको पाइएमा उक्त कार्यालयले एकाउन्न प्रतिशत संचालकको उपस्थितिमा बैठक बस्न अनुमति दिन सक्नेछ ।

(२) संचालक समितिको बैठकमा संचालकहरु स्वयम् उपस्थित हुनु पर्नेछ ।

(३) संचालकहरुको जम्मा संख्याको कम्तिमा एकाउन्न प्रतिशत संचालकहरु उपस्थित नभई संचालक समितिको बैठक हुने छैन ।

तर उक्त संख्यामा संचालकहरु उपस्थित नभएको कारणले संचालक समितिको बैठक बस्न नसकेमा कम्तिमा तीन दिनको सूचना दिई अर्को वैठक बोलाउन सकिनेछ । त्यस्तो वैठकमा पनि यस उपनियममा उल्लेखित संख्यामा संचालकहरु उपस्थित नभएमा उपस्थित संचालकहरुले गरेको काम कारबाही तथा निर्णय मान्य हुनेछ ।

(४) संचालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित संचालकहरुले आफूहरु मध्येबाट छानेको संचालकले अध्यक्षता गर्नेछ ।

(५) संचालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा मात्र अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(६)[१०] संचालक समितिको बैठक वर्षमा कम्तिमा बाह्र पटक बस्नु पर्नेछ । तर दुई वटा बैठकको बीचको फरक (६०) साठी दिन भन्दा बढी हुने छैन ।

(७)[११] बैठक बस्ने समय, मिति, स्थान, छलफलमा पेश गरिने विषय सूची समेत खुलाई बैठक बोलाउने पदाधिकारीले बैठक हुनु भन्दा कम्तिमा ३ दिन अगावै संचालकहरुलाई सूचना पठाउनु पर्नेछ र यस्तो सूचना फ्याक्स वा ईमेल मार्फत पनि पठाउन सकिने छ । यसरी बोलाइएको बैठकमा विषय सूचीमा नपरेका विषयहरुमा पनि अध्यक्षले अनुमति दिएमा छलफल गर्न सकिनेछ ।

(८)[१२] उप नियम (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै आकस्मिक विषयमा संचालक समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षको आदेश वा स्वीकृतिले ३ दिनको पूर्व सूचना बिना पनि संचालक समितिको बैठक बोलाउन सकिने छ ।

(९) संचालक समितिको बैठकमा उपस्थित संचालकहरु, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै कितावमा लेखी अभिलेख राख्नु पर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण संचालकहरुले सही गर्नु पर्नेछ ।

---

१०. दशौं संशोधनवाट संशोधित । संशोधन पहिले "संचालक समितिको बैठक वर्षमा कम्तिमा बाह्र पटक बस्नु पर्नेछ । तर दुई वटा बैठकको बीचको फरक दुई महिना भन्दा बढी हुने छैन ।"

११. पहिलो संशोधनवाट संशोधित । संशोधन पहिले " बैठक बस्ने समय, मिति, स्थान, छलफलमा पेश गरिने विषय सूची समेत खुलाई बैठक बोलाउने पदाधिकारीले बैठक हुनुभन्दा कम्तिमा ७ दिन अगावै संचालकहरुलाई सूचना पठाउनु पर्नेछ र यस्तो सूचना फ्याक्स वा ईमेलमार्फत पनि पठाउन सकिने छ । यसरी बोलाइएको बैठकमा विषय सूचीमा नपरेका विषयहरुमा पनि अध्यक्षले अनुमति दिएमा छलफल गर्न सकिने छ ।"

१२. पहिलो संशोधनवाट संशोधित । संशोधन पहिले "उप नियम (७) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै आकस्मिक विषयमा संचालक समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षको आदेश वा स्वीकृतिले ७ दिनको पूर्व सूचना बिना पनि संचालक समितिको बैठक बोलाउन सकिने छ ।"

(१०) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संचालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा संचालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यसरी भएको सहमतिलाई संचालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

(११) कुनै संचालकलाई हटाउनु पर्ने अवस्था परेमा जुन समूहबाट संचालक निर्वाचित भएको हो सोही समूहको बहुमत शेयरधनीले बैंकको साधारण सभाबाट प्रस्ताव पारित गरी संचालकलाई हटाउन सकिनेछ । यसरी रिक्त भएको स्थानमा बाँकी अवधिको लागि सोही समूहले अर्को संचालकको निर्वाचन गर्न समेत सक्नेछ ।

(१२) संचालक समिति सम्बन्धी अन्य कुराहरू प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा कम्पनी कानूनमा व्यवस्था भए अनुरूप हुनेछ ।

११. **संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था :** (१) बैंकको संचालकहरूको नियुक्ति प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधिनमा रही साधारण सभाबाट हुनेछ र व्यावसायिक विशेषज्ञ संचालकको नियुक्ति संचालक समितिले गर्नेछ ।तर, कुनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाले आफूले लिएको शेयरको अनुपातमा हुन आउने संचालक नियुक्त गर्न र निजको अनुपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक संचालक समेत नियुक्त गर्न सक्नेछ ।

(२) संचालकको पदमा नियुक्त हुन देहायको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नियम १३ मा उल्लेखित शेयर आफ्नो नाममा लिएको वा शेयर लिनु नपर्ने छुट भएको,

(ख) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले तोकेको योग्यता पुगेको तथा सोही कानून र कम्पनी कानून बमोजिम अयोग्य नभएको ।

(ग)[१३] संचालकमा नियुक्त हुन कम्पनी ऐन २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिमको शैक्षिक योग्यता तथा कार्यअनुभव आवश्यक हुनेछ ।

(अ) विदेशी वा स्वदेशी बैंक तथा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रमा संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा पाँच बर्ष काम गरेका, वा

(आ) स्नातक उपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन बर्ष काम गरेको, वा

(इ) व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, ब्यापार प्रशासन, जनप्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको । वा

(ई) नेपाल राष्ट्र बैंकले समय समयमा तोकेको योग्यता तथा कार्यअनुभव रहेको ।

१३. दशौं संशोधनवाट थप गरिएको ।

**१२. साधारण सभा तथा संचालक समितिको निर्णयको अभिलेख र त्यसको प्रतिलिपि तथा निरीक्षण सम्बन्धी व्यवस्था** :
(१) साधारण सभा तथा संचालक समितिको निर्णयको अभिलेख नियम १० बमोजिम निर्णय पुस्तिका (माइन्यूट बुक) मा लेखी हस्ताक्षर समेत गराई राख्नु पर्नेछ ।

(२) बैंकका निर्णयहरु शेयरधनीहरुले हेर्न चाहेमा कार्यालय समय भित्र देखाउनु पर्नेछ । प्रतिलिपि आवश्यक परी शेयरधनीबाट माग भएमा प्रति पृष्ठ रु. १०।- (रुपैयाँ दश मात्र) को दस्तुर लिई कम्पनी सचिवले प्रतिलिपि प्रमाणित गरी दिनु पर्नेछ ।

**१३. संचालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या :** (१) बैंकको संचालक हुने व्यक्तिले आफ्नो नाममा उपनियम (२) मा उल्लेखित संख्यामा न्यूनतम शेयर लिएको हुनु पर्नेछ ।

(२)[१४] यस बैंकको संचालक पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तिमा १० (दश) थान शेयर लिएको हुनु पर्नेछ ।

तर, नेपाल राष्ट्र बैंकले तोकेको बिषयमा स्नातकोत्तर गरी राष्ट्र बैंकले तोके बमोजिम अनुभव प्राप्त व्यक्ति स्वतन्त्र संचालक तथा संस्थागत शेयरधनीको प्रतिनिधिको रुपमा मनोनयन भएको संचालककहरुको हकमा तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले बैंकमा शेयर लगानी गरी संचालक मनोनयन गरेको अवस्थामा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन ।

**१४. प्रोक्सी मत सम्बन्धी व्यवस्था** : (१) कुनै शेयरधनी स्वयम् साधारण सभामा उपस्थित हुन नसकी सो सभामा उपस्थित हुन र आफ्नो मत प्रयोग गर्न पाउने गरी प्रतिनिधि नियुक्त गर्नु पर्दा बैंकको अर्को कुनै शेयरधनी बाहेक अन्य कसैलाई प्रतिनिधि नियुक्त गर्न (प्रोक्सी दिन) पाइने छैन ।

(२) एक भन्दा बढी व्यक्तिहरुले साझा गरी शेयर लिएको भएमा त्यस्तो व्यक्तिले साधारण सभामा भाग लिने बारेमा साझा गरी एक जना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरूद्वारा नियुक्त गरिएको साझेदारले वा निजले उपनियम (१) बमोजिम नियुक्त गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार नियुक्त हुन नसकेकोमा शेयरधनीहरूको दर्ता किताबमा सो साझेदार मध्ये जसको नाम क्रमानुसार अघि लेखिएको छ सोही साझेदारले दिएको मत वा प्रतिनिधि पत्र मात्र मान्य हुनेछ ।

**१५. मतदान गर्ने अधिकार** : (१) प्रचलित कम्पनी कानून वा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीले आफूले लिएको प्रत्येक शेयर बापत एउटा मत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएका शेयरहरु जारी गरिएको छैन ।

१४. दशौं संशोधनवाट संशोधित । संशोधन पहिले "यस बैंकको संचालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तिमा १० (दश) थान शेयर लिएको हुनु पर्नेछ ।

तर, नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञ संचालक तथा विदेशी बैंक वा वित्तीय संस्था वा संगठित संस्थाले बैंकमा शेयर लगानी गरी संचालक मनोनयन गरेको अवस्थामा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन ।"

१६. **शेयरधनी बाहेकको अन्य कुनै व्यावसायिक व्यक्तिलाई संचालक नियुक्ति गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था :** (१) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले व्यवस्था गरे बमोजिम नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञहरूको सूचीबाट संचालक समितिले एक (१) जना व्यावसायिक संचालक नियुक्त गर्नेछ ।

(२) निजको कार्यकाल ४ वर्षको हुनेछ ।

(३) निजको काम, कर्तव्य, अधिकार तथा सुविधा अन्य संचालक सरह हुनेछ ।

१७. **स्वतन्त्र संचालक सम्बन्धी व्यवस्था, संख्या र योग्यता** : बैंकमा नेपाल राष्ट्र बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनले तोकेको व्यवस्थाको अधिनमा रही कायम गरेको व्यवसायिक विशेषज्ञहरूको सूचीबाट संचालक समितिले नियुक्ति गरेको १ जना व्यावसायिक संचालक नै स्वतन्त्र संचालकको रुपमा रहनेछ । निजको काम, कर्तव्य, अधिकार तथा सुविधा र कार्यकाल नियम १६ मा उल्लेख भए बमोजिम हुनेछ ।

१८. **प्रवन्ध संचालक सम्बन्धी व्यवस्था (रहने वा नरहने सो उल्लेख गर्ने)** : हाल बैंकमा प्रवन्ध संचालक रहने छैन । संचालक समितिले आवश्यक देखेमा प्रवन्ध संचालक रहने व्यवस्था गर्न सक्नेछ र प्रवन्ध संचालक रहने भएमा नियम २० को प्रमुख कार्यकारी अधिकृत रहने छैन ।

१९. **प्रवन्ध संचालक रहने हो भने निजको योग्यता, पारिश्रमिक तथा सेवाका अन्य शर्त र काम, कर्तव्य, अधिकार खुलाउने** : (१) प्रबन्ध संचालकको योग्यता प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा तोकिए बमोजिम हुनेछ ।

(२) प्रबन्ध संचालकको पारिश्रमिक र सेवाको अन्य शर्त संचालक समितिले तोके बमोजिम हुनेछ ।

(३) प्रबन्ध संचालकको काम, कर्तव्य र अधिकार प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशनमा उल्लेख भए बमोजिम हुनेछ ।

२०. **प्रवन्ध संचालक नरहने हो भने प्रमुख कार्यकारी अधिकृत, महाप्रवन्धक वा अन्य कुन पदाधिकारी प्रमुख हुने हो सो खुलाउने** :(१) बैंकको दैनिक कारोवार सुव्यवस्थित तवरले संचालन गर्न प्रमुख प्रशासकको रुपमा संचालक समितिले योग्य व्यक्ति वा व्यवस्थापन सम्वन्धी परामर्शदाता फर्मलाई प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गर्नेछ ।

(२) संचालक समितिले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र नियमावलीको अधिनमा रही बैंकको कार्यकारी प्रमुखको नियुक्ति गर्नेछ ।

(३) कार्यकारी प्रमुख बैंकको प्रमुख प्रशासक हुनेछ ।

(४)[१५]कार्यकारी प्रमुखको कार्यकाल बढीमा चार बर्षको हुनेछ र निज अर्को एक कार्यकालका लागि पुनःनियुक्ति हुन सक्नेछ । यो व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ प्रारम्भ भए पछि मात्र लागु हुनेछ ।

(५) कार्यकारी प्रमुखको पारिश्रमिक र सेवाको अन्य शर्त संचालक समितिले तोके बमोजिम हुनेछ ।

(६)कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संचालक समितिको निर्णय लागू गर्ने र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रबन्धपत्र र यस नियमावलीको अधिनमा रही बैंकको काम कारवाही तथा कारोवारको रेखदेख र नियन्त्रण गर्ने,

(ख) बैंकको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि संचालक समिति समक्ष पेश गर्ने,

१५. दशौं संशोधनवाट संशोधित । संशोधन पहिले “कार्यकारी प्रमुखको पदावधि चार बर्षको हुनेछ र निजको पुनर्नियुक्ति हुन सक्नेछ ।

(ग) बैंकको कर्मचारी विनियमावलीको अधिनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) संचालक समिति र साधारण सभाद्वारा गरिएका निर्णय र नेपाल राष्ट्र बैंकद्वारा दिइएका निर्देशनहरु कार्यान्वयन गर्ने गराउने,

(ङ) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, प्रबन्धपत्र र यस नियमावलीको अधिनमा रही बैंकले नेपाल राष्ट्र बैंक वा अन्य कुनै निकायमा पेश गर्नु पर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,

(च) बैंक सञ्चालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(७) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त संचालक समिति प्रति उत्तरदायी हुनेछ ।

२१. **संचालक समितिको अधिकार र कर्तव्य :** संचालक समितिको अधिकार र कर्तव्य प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम तथा सो मा उल्लेख नभएकोमा कम्पनी सम्बन्धी कानूनमा व्यवस्था गरिए अनुरुप हुनेछ ।

२२. **शेयरमा लियन रहने कुरा** : शेयरधनीहरुले बैंकलाई तिर्न बाँकी रहेको शेयरको रकम वा कानून बमोजिम बैंकलाई बुझाउनु पर्ने बाँकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो वापत बांडिने लाभांश समेतमा बैंकको लियन वा दावी रहनेछ ।

२३. **विभिन्न वर्गका शेयर जारी गर्ने भए सो को विवरण र शेयरधनीको हक तथा विशेष सुविधाको विवरण** : साधारण शेयर बाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कुनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

२४. **अग्राधिकार शेयर सम्बन्धी व्यवस्था**ः बैंकको सम्पूर्ण शेयरहरु साधारण शेयरले बनेको हुँदा हाल अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गरिएको छैन । सो शेयर सम्बन्धी व्यवस्था गर्नु परेको खण्डमा प्रचलित कानूनको अधिनमा रही राष्ट्र बैंकको स्वीकृति लिई अग्राधिकार शेयर जारी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सकिनेछ ।

२५. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था** : बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र कम्पनी कानूनको अधिनमा रही बैंकले आवश्यकतानुसार शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरामा कम्पनी कानूनमा गरिएको व्यवस्था लागू हुनेछ ।

२६. **शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था** : (१) बैंकको कुनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरिद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको ढांचामा तोकिएको दस्तुर, शेयर खरिद बिक्रीसंग सम्बन्धित लिखत र शेयरको प्रमाण पत्र सहित बैंकको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा बैंकले प्रवन्धपत्रको दफा ७ को अधिनमा रही दर्ता किताबमा साविक शेयरधनीको नाम खारेज गरी हालको शेयरधनीको नाम दर्ता गर्नेछ ।

(३) संस्थापक वर्गको शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी तथा धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

२७. **शेयर पूँजी थपघट गर्ने कुरा** : बैंकको शेयर पूँजी थप घट गर्ने व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन र प्रचलित कम्पनी कानूनमा उल्लेखित प्रावधान अनुरुप हुनेछ ।

२८. **आफ्नो शेयर आफै खरिद गर्ने सम्बन्धी व्यवस्था** : बैंकले आफ्नो शेयर आफैं खरिद गर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून, कम्पनी सम्बन्धी कानून तथा प्रचलित अन्य कानूनी व्यवस्थाको अधिनमा रही गरिनेछ।

२९. **संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था** : (१) संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-

(क) दैनिक कार्य संचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न संचालकले मात्र संचालक समितिले निर्धारण गरे बमोजिमको मासिक पारिश्रमिक पाउने छ ।

(ख)[१६] संचालक समिति तथा उप-समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रु. १३,०००/- (रुपैयाँ तेह्र हजार) र संचालकले पाउने बैंठक भत्ता रु. ११,०००/- (रुपैयाँ एघार हजार) हुनेछ ।

(ग)[१७] बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता तथा अन्य भत्ता तथा सुविधा देहाय बमोजिम हुनेछ :- ।

अ) दैनिक भत्ता नेपाल अधिराज्य भित्र रु. २००० प्रति दिन भारतमा भारतीय रु. ६००० प्रति दिन नेपाल र भारत वाहेकका अन्य सार्क मूलुकमा अमेरिकी डलर १२५ प्रति दिन अन्य मुलुकमा अमेरिकी डलर ३१५ प्रति दिन

आ) यातायात खर्च हवाईजहाज तथा वसबाट भ्रमण गर्दा विल बमोजिम वास्तविक लागेको खर्च

इ) होटल खर्चः स्वदेशमा प्रति दिन रु. २५०० सम्मको विल वमोजिमको खर्च र विदेशमा विल बमोजिमको वास्तविक लागेको खर्च

ई) संचालकहरुले विदेश भ्रमण गर्दा व्यवसाय प्रवर्धन वापत विल भर्पाई पेश गर्नु नपर्ने गरी देहायको रकम पाउने छन् । भारतमा भारतीय रुपैया १५,००० नेपाल र भारत वाहेकका अन्य सार्क मूलुकमा अमेरिकी डलर ४०० अन्य मूलुकमा अमेरिकी डलर ७००

ए) भैपरी आउने विविध खर्च (टैक्सी, टेलिफोन, एक्सेज बैगेज आदि) वापत विल भपाई पेश गर्नु नपर्ने गरी देहायको रकम पाउने छन । भारतमा भारतीय रुपैया ५००० नेपाल र भारत बाहेक अन्य सार्क मूलुकमा अमेरिकी डलर १५० अन्य मूलुकमा अमेरिकी डलर ३००

---

१६. आठौं संशोधनबाट संशोधित । संशोधन पहिले "संचालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रु. १०,०००/- (रुपैयाँ दश हजार) र संचालकले पाउने बैंठक भत्ता रु. ८,०००/- (रुपैयाँ आठ हजार) हुनेछ भएको ।

१७. पहिलो संशोधनबाट संशोधित । संशोधन पहिले "अ **दैनिक भत्ता :** बैंकको कामको सिलसिलामा बैंकको संचालक आफ्नो वसोवासको क्षेत्र बाहिर जानु पर्ने स्थिति आएमा संचालकले देहाय बमोजिमको दैनिक भत्ता पाउने छ :-

क)	नेपाल अधिराज्य भित्र रु. २,०००/- प्रति दिन ।
ख)	भारतमा भारतीय रुपैयाँ ३,०००/- प्रति दिन ।
ग)	नेपाल र भारत बाहेकका अन्य सार्क मुलुकमा अमेरिकी डलर २५०/- प्रति दिन ।
घ)	माथि उल्लेख गरिएको बाहेकका अन्य मुलुकमा अमेरिकी डलर ३५०/- प्रति दिन ।

आ) **भ्रमण तथा अन्य खर्चहरु :** संचालकहरुले पाउने यातायात खर्च, होटल खर्च, व्यबसाय प्रवर्धन खर्च, भैपरि आउने खर्च लगायतका भ्रमण तथा अन्य खर्च एवं सुबिधाहरु बैंकको बित्तीय व्यबस्थापन कार्यबिधिमा उल्लेख भए बमोजिम हुनेछ ।"

(घ)	साधारण सभाले विशेष प्रस्ताव पारित गरी बैंकमा पूरा समय काम गर्ने संचालकहरु वा कार्यकारी प्रमुखलाई प्रोत्साहन दिन बैंकले तिर्नुपर्ने आयकर तिरिसकेपछि बांकी रहेको मुनाफाको तीन प्रतिशतमा नबढाई पुरस्कार दिन सक्नेछ । तर प्रचलित कानून अनुसार अन्तिम रुपमा आयकर निर्धारण हुंदा बैंकले थप आयकर तिर्नुपर्ने भएमा बैंकले त्यस्तो थप करको रकम पुरस्कार प्राप्त गर्ने संचालकहरुबाट निजहरुले पुरस्कार बापत प्राप्त गरेको रकमको हदसम्म समानुपातिक रुपमा निजहरुबाट असुल उपर गरी लिनेछ ।

(ङ)	अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ ।

(२) संचालकले यस नियममा लेखिए देखि बाहेक कुनै व्यक्तिगत फाइदा वा सुविधा लिएको पाइएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम कसुर गरेको मानी त्यस्तो रकम निजबाट असुल उपर गरिनेछ ।

३०.	**बैंकको छापको प्रयोग :** (१) बैंकको छाप कार्यकारी प्रमुखको मातहतमा रहनेछ, जसको प्रयोग बैंकको कारोबारको प्रयोजनको लागि गरिनेछ । निजले बैंकका अन्य कर्मचारीहरुलाई छापको प्रयोग गर्ने गरी जिम्मेबारी सुम्पन सक्नेछ ।

(२) बैंकको छाप अनाधिकृत रुपमा प्रयोग गरी बैंकलाई कुनै दायित्व श्रृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत श्रृजना हुने रकम असुल उपर गरिनेछ ।

३१.	**बैंकको लेखा, हिसाव किताव र लेखापरीक्षण** : (१) बैंकले आफ्नो हिसाव किताव, खाता, वही, श्रेस्ता, लेखाको अभिलेख यथार्थ र दुरुस्त रुपमा प्रतिबिम्बित हुने गरी प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउण्टिङ्ग स्ट्याण्डर्ड) अनुरुप अद्यावधिक रुपमा राख्नु पर्नेछ र यस्तो लेखा नेपाल राष्ट्र बैंकले अन्यथा स्वीकृति दिएकोमा बाहेक आफ्नो रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा राख्नेछ ।

(२) बैंकले आफ्नो वासलात र नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरिका अनुरुप राख्नेछ।

(३) बैंकले आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र वासलात, नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचा र तरिका अनुसार तयार गरी आफ्नो हिसाव कितावको लेखापरीक्षण गराउने छ । यस्तो वित्तीय विवरणमा कम्तिमा दुई जना संचालक, कार्यकारी प्रमुख र लेखापरीक्षकको सही भएको हुनु पर्नेछ ।

(४) लेखापरीक्षकको नियुक्ति बैंकको साधारण सभाबाट हुनेछ । तर प्रथम साधारण सभा हुनुभन्दा अघि संचालक समितिले लेखापरीक्षक नियुक्ति गर्नेछ र एउटै लेखापरीक्षकलाई लगातार तीन पटक भन्दा बढी अवधिको लागि नियुक्त गर्न सकिने छैन ।

(५) साधारण सभाले उपनियम (४) बमोजिम लेखापरीक्षक नियुक्ति गर्दा नेपाल राष्ट्र बैंकले स्वीकृत गरेको लेखापरीक्षकको सूचीमा समावेश रहेका लेखापरीक्षक मध्येबाट गर्नु पर्नेछ र त्यसरी नियुक्त भएको मितिले १५ दिनभित्र निजको नाम नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनु पर्नेछ ।

(६) उपनियम (३) बमोजिमको अवधिभित्र लेखापरीक्षण गराउन नसकेमा बैंकले मनासिव कारण सहित म्याद थपको लागि नेपाल राष्ट्र बैंकमा अनुरोध गर्नु पर्नेछ र यस्तो थप अवधि बढीमा तीन महिनाको हुनेछ ।

(७) लेखापरीक्षकले आफूले गरेको लेखापरीक्षण प्रतिवेदनको एक/एक प्रति बैंक र नेपाल राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ । बैंकले त्यस्तो प्रतिवेदनको प्रतिलिपि वार्षिक साधारण सभाको सूचनासँग संलग्न गरी प्रत्येक शेयरधनी र कम्पनी रजिष्ट्रारको कार्यालयमा समेत प्रचलित कानून बमोजिम पठाउनु पर्नेछ ।

(८) लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून तथा कम्पनी कानून अनुरूप हुनेछ ।

(९) बैंकको अद्यावधिक हिसाव किताव कुनै शेयरधनीले हेर्न चाहेमा यथाशीघ्र हेर्न दिनु पर्नेछ ।

३२. **लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था** : बैंकले कम्पनी सम्बन्धी प्रचलित कानून र नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनको अनुकूल हुने गरी लेखापरीक्षण समितिको व्यबस्था गर्नेछ ।

३३. **ऋण वा डिवेञ्चर सम्बन्धी व्यवस्था** : बैंकले डिवेञ्चर उठाउँदा नेपाल राष्ट्र बैंकको स्विकृति लिई प्रचलित कम्पनी कानूनको अधिनमा रही गर्नेछ ।

३४. **बैंक गाभिने कुरा** : यस बैंकमा कुनै अर्को बैंक/वित्तीय संस्थालाई वा यस बैंकलाई कुनै अर्को बैंक/वित्तीय संस्थामा गाभ्न आवश्यक भएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र कम्पनी सम्बन्धी कानून बमोजिमको प्रक्रिया पूरा गरी गाभ्न सकिनेछ ।

३५. **लाभांश सम्बन्धी व्यवस्था :** (१) लाभांश वितरण गर्ने निर्णय भएको पैंतालिस दिनभित्र वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लाभांश वितरण नगरेमा दश प्रतिशतका दरले लाभांशको व्याज समेत दिनु पर्नेछ ।

(३)बैंकले प्रचलित कानूनको अधिनमा रही नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम अन्तरिम लाभांश वितरण गर्न सक्नेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बैंकले शेयर बापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई सो हदसम्म निजको लाभांश रोक्का राख्न सक्नेछ ।

३६. **बैंकले खुलाउन आवश्यक देखिएका विशेष व्यवस्थाहरु :** (१) यो बैंक प्रचलित कम्पनी कानून अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून अन्तर्गत संचालित बैंकिङ्ग व्यवसाय गर्ने कम्पनी हो ।

(२) नेपाल राष्ट्र बैंकले निर्देशन दिए बमोजिम तोकिदिएको मितिभित्र तोकिएको ढाँचामा बैंकले आफ्नो वित्तीय विवरण र अन्य आवश्यक विवरणहरू नियमित रूपले नेपाल राष्ट्र बैंकमा पेश गर्नु पर्नेछ ।

(३)बैंकमा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरू कसैको हक दावी लाग्ने छैन । निक्षेप राख्ने व्यक्तिको मृत्यु भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाइएको व्यक्तिको र त्यस्तो इच्छाइएको व्यक्तिको पनि मृत्यु भएको रहेछ वा कसैलाई इच्छाइएको रहेनछ भने देहायको व्यक्ति मध्ये प्राथमिकता क्रमानुसार जुन व्यक्ति जीवित छ सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हक दावी लाग्नेछः-

(क) संगोलको पति वा पत्नी,

(ख) संगोलको छोरा, धर्मपुत्र वा छोरी वा धर्मपुत्री,

(ग) संगोलको बाबु, आमा, छोरा पट्टीको नाति वा नातिनी,

(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, अविवाहिता छोरी, बाबु वा आमा,

(ङ) संगोलको बाबु पट्टिको बाजे, बज्यै, दाजु, भाइ, अविवाहिता दिदी वा बहिनी,

(च) संगोलको भतिजा, भतिजी, सौतेनी आमा, भिन्न बसेको छोरा पट्टीको नाति वा अविवाहिता नातिनी,

(छ) संगोलको काका, विधवा काकी, भाउज्यू, भाइ-बुहारी वा नातिनी-बुहारी,

(ज) भिन्न बसेको दाजु वा भाइ,

(झ) विवाहिता दिदी, बहिनी, भिन्न बसेका बाजे, बज्यै, विधवा छोरा-बुहारी, नातिनी-बुहारी वा भतिजा ।

तर, उपरोक्त प्राथमिकताक्रममा पर्ने कोही व्यक्ति नभएको अवस्थामा त्यस्तो निक्षेप उपर हकवालाको दावी रहनेछ र हकवाला पनि नभएको अवस्थामा सो निक्षेप नेपाल सरकारको हुनेछ ।

(४) इजाजतपत्र प्राप्त संस्थामा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिइने छैन ।

(५) बैंकमा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै प्रकारले जफत गरिने छैन । तर बैंकमा निक्षेप राखेको रूपैयाँ नै धितो वा जमानत राखी लेनदेन कारोवार गरेको वा प्रचलित कानून बमोजिम जफत हुने अवस्थामा त्यस्तो निक्षेप जफत गर्न यस उपनियमले बाधा पुर्‍याएको मानिने छैन ।

(६) बैंकले दश वर्ष देखि चल्ती नभएका तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम हक दावी नपरेका निक्षेप खाताहरूको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र नेपाल राष्ट्र बैंकमा पठाउनु पर्नेछ ।

(७) बैंकको कुनै पनि संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक तथा व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रूपले संलग्न व्यक्ति वा कम्पनी सचिवले आफू बैंकमा बहाल रहँदाको बखत वा त्यस्तो पदबाट अवकास प्राप्त गरेको कम्तिमा एक वर्षसम्म बैंक वा सोको सहायक कम्पनीको धितोपत्र आफ्नो वा आफ्नो परिवारको वा आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको, फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन, दान बकस लिन, दिन वा लेनदन गर्नु हुँदैन ।

तर नयाँ शेयर जारी गरिएको अवस्थामा यो प्रतिबन्ध लागू हुने छैन ।

(८) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून वा सो अन्तर्गत बनेका नियम/विनियमहरू बमोजिम नेपाल सरकार वा नेपाल राष्ट्र बैकले दिएको कुनै आदेश वा निर्देशनको पालना गर्दा कसैलाई कुनै किसिमको हानी नोक्सानी भएमा बैंकसँग भएको करारमा वा बैंकको अरू व्यवस्थामा जुनसुकै कुरा लेखिएको भए तापनि अनाधिकार प्रयोग गरेको अवस्थामा बाहेक क्षतिपूर्तिको दावी लाग्ने छैन ।

(९) आफ्नो काम कारोवार सुव्यवस्थित रूपले सञ्चालन गर्न तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको उद्देश्य कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंकले विनियम बनाउन सक्नेछ । संचालक समितिले आवश्यकता अनुसार कार्यविधि, निर्देशिका एवं नीति बनाई लागू गर्न सक्नेछ ।

